# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश,नेपाल

## प्रेस विज्ञप्ती

मिति: २०७७।२।१८

उपरोक्त विषय सम्बन्धमा कञ्चनपुर जिल्ला शुक्लाफाँटा नगरपालिका वडा नं ८ मा रहेको बैजनाथ सामुदायिक वन उपभोक्ता समितिको सम्बन्धमा आधारित बैज्ञानिक वन व्यबस्थापन कार्ययोजना कार्यान्वयन को सिलसिलामा रहेको बेला मिति २०७७।२।१४ गतेका दिन जिल्ला कैलालीको धनगढी बाट विहान ७.३० देखी ८.३० बजे सम्म प्रसारण हुने कार्यक्रम तातो बहसका प्रस्तोता तथा क्यापिटल लाईभ मिडियाका पत्रकार नवराज धानुकले केन्द्र वनमा प्रचलित कानुन बमोजिम कार्ययोजना अगाडी बढिरहेको बेला गाउँका सर्वसाधारण जनताको भिड जम्मा गरी शु.न.पा. वडा नं ८ का वडा अध्यक्ष तथा उक्त बैजनाथ सामुदायिक वन उपभोक्ता समितिका समेत अध्यक्ष रहेका बहादुर सिंह महराको चरित्र हत्या गर्ने गरि सुनोयोजित योजना बनाउन महिलालाई प्रयोग गर्ने सल्लाह दिई आम महिला दिदि बहिनीहरुको समेत अपमान हुने गरि अपशव्द प्रयोग गरि सामाजिक सदभावमा खलल पुर्याउने किसिमको अडियो सामाजिक सञ्जाल मार्फत सार्वजनिक भएको पाईएकोले शुक्लाफाटा नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । साथै पत्रकारिता जस्तो सम्मानित क्षेत्रको समेत बदनाम हुने गरी भएको उक्त कार्य निन्दनिय छ , तसर्थ उक्त अडियोको सत्य, तथ्य, निष्पक्ष छानविन गरी दोषिलाई कडा कारवाहीका लागि शुक्लाफाँटा नगरपालिका झलारीले सम्बन्धित पक्षसंग जोडदार माग गर्दै सरोकारवाला सबैको जानकारीका लागि यो प्रेस विज्ञप्ती जारी गरिएको छ ।

जगत बहादुर सिंह
नगर प्रवक्ता